# स्थानीय राजपत्र

सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६) पाङग्रेटार, सिन्धुपाल्चोक, वैशाख ११ गते, २०७५ साल अतिरिक्ताङ्क १


## भाग २

## सुनकोशी गाउँपालिकाको
## स्थानिय शिक्षा नियमावली, २०७५

"स्थानीय शिक्षा ऐन २०७४ को दफा ६१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरि सुनकोशी गाउँपालिकाले यो नियमावली बनाएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ ।**

क. यी नियमहरुको नाम " स्थानिय शिक्षा नियमावली - २०७५" रहेको छ।

ख. यो नियमावली सुनकोशी गाँउपालीकाभरी लागु हुनेछ।

ग. यो नियमावली तुरुन्तं प्रारम्भ हुनेछ।

२. **परिभाषा विषय वा प्रसंगले अको अर्थ नलागेमा यस नियमावलीमा :**

क. “ऐन' भन्नाले सुनकोशी गाँउपालीकाको “स्थानिय शिक्षा नियमावली - २०७५” सम्झनु।

ख. “आधारभूत शिक्षा” भन्नाले प्रारम्भीक वाल शिक्षा देखी कक्षा ८ सम्म दिईने शिक्षा सम्झनु पर्छ।

**ग.** **“माध्यामिक शिक्षा”** भन्नाले कक्षा नौ देखी कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्दछ।

**घ.** **“विद्यालय शिक्षा”** भन्नाले आधारभूत र माध्यमिक दुवैशिक्षा सम्झनु पर्छ।

**ङ.** **“कर्मचारी”** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

**च.** **"स्रोत व्यक्ति”** भन्नाले गाँउपालीकामा रहेको आधारभुत तथा माद्यामिक विद्यालयको स्रोत व्यक्तिको रुपमा खटि आएको गाँउपालीका मातहतको कर्मचारी सम्झनु पर्दछ।

**छ.** **“स्थानिय शिक्षा अधिकारी”** भन्नाले गाँउपालिकामा कार्यरत शिक्षा हेर्ने मुख्य अधिकारी सम्झनु पर्दछ

**ज.** **“विशेषज्ञ”** भन्नाले गाँउ शिक्षा समितिले छनोट गरीएको विषयगत दक्ष व्यक्ति सम्झनु पर्दछ।

झ. **"शिक्षक"** भन्नाले विद्यालयमा स्विकृत दरबन्दी अन्तर्गतको स्थायी, अस्थायी राहत र बाल शिक्षकको करारमा नियुक्ति गरेको शिक्षक सम्झनु पर्दछ।

ञ. **"अनुमति"** भन्नाले नेपाल सरकार वा गाउँपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

ट. **"स्वीकृति"** भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

ठ. **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

ड. **"प्रारम्भिक बालशिक्षा"** भन्नाले पाँचवर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षकोप्रारम्भिक बालशिक्षा सम्झनु पर्छ ।

ढ. **"सामुदायिक विद्यालय"** भन्नाले नियमित रुपमा सरकारी अनुदान पाउने गरी अनुमति वा स्विकृति प्राप्त विद्यालय सम्झनु पर्दछ।

ण. **"निजी तथा संस्थागत विद्यालय"** भन्नाले निजि पहलमा स्थापना गरीएको सरकारी अनुदान नपाउने गरी अनुमति वा स्विकृति प्राप्त विद्यालय सम्झनु पर्दछ।

त. **"शिक्षक छनोट समिति" भन्नाले** स्थानिय शिक्षा नियमावली-२०७५" र यस नियमावली वमोजिमको समिति सम्झनु पर्दछ।

थ. **"व्यवस्थापन समिति"** भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ।

द. **"गाँउशिक्षा समिति"** भन्नाले स्थानीय शिक्षा ऐन २०७४ वमोजिम गठित समिति सम्झनु पर्दछ ।

ध. **"वडा शिक्षा समिति"** भन्नाले स्थानीय शिक्षा ऐन २०७४ बमोजिम गठित समिति सम्झनुपर्दछ ।

न. **"नियमावली"** भन्नाले स्थानीय शिक्षा ऐन २०७४ अनुसार बनेको यस नियमलाई सम्झनु पर्दछ ।

## परीच्छेद - २

## विद्यालय खोल्ने अनुमति वा स्विकृति सम्बन्धि व्यवस्था

<u>विद्यालय खोल्ने अनुमतिका लागि निवेदन दिनुपर्ने ।</u>

३. **विद्यालय खोल्ने अनुमतिका लागि निवेदन दिनुपर्ने ।**

क. आधारभुत र मा.वि. खोल्न चाहनेले अनुमतिका लागी शैक्षिक सत्र सुरुहुनुभन्दा ६ महिना अगावै वडा शिक्षा समितिको सिफारिसमा अनुसुचि १ बमोजिमको ढाँचामा गाउँ शिक्षा समितीलाई निवेदन दिनु पर्नेछ र उक्त निवेदन उपर आवश्यक प्रक्रिया पुरा भएको ठहर भएमा गाँउपालीकाले विद्यालय खोल्न अनुमति प्रदान गर्न सक्ने छ।

४. **विद्यालय खोल्नको लागी पुरा गर्नुपर्ने पुर्वाधार -** विद्यालय खोल्नकालागी आवश्यक अनुसूची २ वमोजिमको पुर्वाधार पुरा गरेको हुनुपर्नेछ । विद्यालय खोल्न आवश्यक पुर्वाधार प्रमाणित भएको देखिएमा आधारभुत विद्यालय खोल्न शैक्षिक सत्र शुरु हुनु भन्दा साठी दिन अगावै र माध्यामिक विद्यालयको सम्वन्धमा कम्तिमा ३ महिना अगावै स्थानीय

शिक्षा अधिकारीले आफ्नो राय सहित प्राप्त निवेदन गाँउपालीकाको कार्यालयमा पेश गर्नुपर्नेछ । र गाउँ कार्यपालिका मार्फत

**५. शैक्षिक गुठी र मुनाफा नलिने गरि विद्यालय संचालन गर्न चाहेमा स्थानीय शिक्षा ऐन २०७४ ले तोके बमोजिम अनुमति लिनु पर्नेछ ।**

६. **धरौटी राख्नुपर्ने** : विद्यालय खोल्न अनुमति लिदा देहायबमोजिम रकम धरौटी राख्नुपर्ने छ।

क. संस्थागत विद्यालयका लागी ३ लाख (मा. वि.) र आधारभुत १,००,०००।

ख.सामुदायीक विद्यालयका लागी २ लाख (मा.वि.) र आधारभुत ५०,०००।

**७. विद्यालय खोल्नका लागी तोकिएको धरौटी रकम गाँउपालीकाले तोकिएको मुद्दति खातामा जम्मा गरीने छ ।**

**८. विद्यालयको सञ्चालन स्थानीय शिक्षा ऐन २०७४ र यस अन्तर्गत बनेको नियमावली बमोजिम हुनेछ।**

९. **विद्यालय गाभ्न वा सार्न लिइने आधार** :- गाउँपालिकाले देहाए अनुसार देखिन नआएमा आधारभुत तथा माद्यामिक शिक्षा ऐनको अधिनमा रहि वडा शिक्षा समितिको सिफारीसमा २ वा २ भन्दा वढि विद्यालय गाभ्ने र एक ठाँउबाट अर्को ठाँउमा सार्न सक्नेछ । जसअनुसार -

**क.** पुर्वाधार कायम नरहेमा ।

ख. आधिकारिक कक्षामा तोकिएको विद्यार्थी संख्या नपुगेमा ।

ग. दुई वा दुई भन्दा वढि वि.व्य.स. ले वडा शिक्षा समितिको सिफारीसमा एउटै विद्यालय संचालन गर्न निवेदन दिएमा ।

घ. विद्यालय मौजुदा रहेको ठाँउ विद्यालय प्रतिकुल रहेको भन्ने अवस्थामा विद्यामान भएको आधारमा वडा शिक्षा समितिको सिफारीसमा वि.व्य.स. को निवेदन आएमा।

ङ. गाउँ शिक्षा समितिले गाउँ पालिका भित्रका सामुदायक विद्यालयहरुको सञ्चालन, व्यवस्थापन, विद्यार्थी संख्या तथा शिक्षक दरवन्दीको अवस्था जटिल प्रतिकुल देखिन आएमा।

१०. **विद्यालयमा कक्षा थप सम्वन्धि व्यवस्था :-** कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र शुरु हुनु भन्दा ६ महिना अगावै वडा शिक्षा समितिको सिफारीसमा गाँउ शिक्षा समितिमा निवेदन दिनु पर्नेछ।

क. निवेदन प्राप्त भएपछि पुर्वाधार भएको देखिएमा शै.स. शुभारम्भ हुनु भन्दा अगावै प्रत्येक वर्ष एक कक्षाका दरले कक्षा थपको अनुमति दिन सक्नेछ।

११. **विद्यालयले पालना गर्नुपर्ने शर्तहरु** : ऐन र यस नियमावलीमा अन्यथा लेखिएदेखि बाहेक विद्यालयले पालन गर्नुपर्ने शर्तहरु देहायबमोजिम हुनेछ ।

क. नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठयपुस्तक लागू गर्नुपर्ने,

ख. राष्ट्रियता प्रति आँच आउने पाठ्य सामाग्री भएका पाठ्यपुस्तक विद्यालयमा अध्यापन गर्न, गराउन नुहने,

ग. अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको नियमित जानकारी गराउनुपर्ने,

घ. नियम बमोजिम आयव्ययको लेखा राख्नुपर्ने,

ङ. विद्यालयले गरेको लगानीको अभिलेख राख्नुपर्ने,

च. नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप विद्यालयमा हुन नदिने,

छ. विद्यालयमा तोकिएको शिक्षक संख्यामा नघट्ने गरी कानून बमोजिम योग्यता पुगेको शिक्षकको व्यवस्था गर्नुपर्ने,

ज. विद्यालयमा अतिरिक्त कार्यकलाप तथा अन्य कार्यक्रम सञ्चालन गर्नुपर्ने,

झ. विद्यालयमा तथा छात्रावासमा स्वस्थकर र नैतिक चरित्र निर्माणको वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाउने,

ञ. आवासीय विद्यालयले शुरुमा कम्तीमा दश प्रतिशत विद्यार्थीलाई आवासीय सुविधा पुर्‍याउनुपर्ने,

ट. गाउँ शिक्षा समिति तथा गाउँ कार्य पालिकाले दिएको निर्देशन अनुरुप काम गर्नुपर्ने,

ठ. नियम (४) बमोजिमका पूर्वाधारहरु यथावत् राख्नुपर्ने,

ड. नियमानुसार तोकेको ढाँचामा विद्यालयको शैक्षिक तथ्याङ्क तयार गरी गाउँ पालिका र सम्बन्धित कार्यालयमा पठाउने ।

## परिच्छेद - ३

**(११) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

(क) गाउँपालिका भित्रको समग्र शैक्षिक योजना तयार गर्ने र कार्यान्वयन गराउने ।

(ख) गाउंपालिका भित्र विद्यालय सञ्चालनकालागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) गाउंपालिका भित्रका विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी निति तर्जमा गर्ने तथा आवश्यक स्रोतको खोजी गरी प्रदेश तथा संघमा सिफारीस गर्ने ।

(घ) गाउँपालिका भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित, व्यवस्थित र भयरहित बनाउन सहयोग गर्ने ।

घ) विद्यालय मौजुदा रहेको ठाँउ विद्यालय प्रतिकुल रहेको भन्ने अवस्थामा विद्यामान भएको आधारमा वडा शिक्षा समितिको सिफारीसमा वि.व्य.स. को निवेदन आएमा।

ङ) गाउँ शिक्षा समितिले गाउँ पालिका भित्रका सामुदायक विद्यालयहरुको सञ्चालन, व्यवस्थापन, विद्यार्थी संख्या तथा शिक्षक दरबन्दीको अवस्था जटिल प्रतिकुल देखिन आएमा।

१०. **विद्यालयमा कक्षा थप सम्वन्धि व्यवस्था :-** कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र शुरु हुनु भन्दा ६ महिना

अगावै वडा शिक्षा समितिको सिफारीसमा गाँउ शिक्षा समितिमा निवेदन दिनु पर्नेछ ।

क) निवेदन प्राप्त भएपछि पुर्वाधार भएको देखिएमा शै.स. शुभारम्भ हुनु भन्दा अगावै प्रत्येक वर्ष एक कक्षाका दरले कक्षा थपको अनुमति दिन सक्नेछ।

११. **विद्यालयले पालना गर्नुपर्ने शर्तहरु** : ऐन र यस नियमावलीमा अन्यथा लेखिएदेखि बाहेक विद्यालयले पालन गर्नुपर्ने शर्तहरु देहायबमोजिम हुनेछ।

क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्ने,

ख) राष्ट्रियता प्रति आँच आउने पाठ्य सामाग्री भएका पाठ्यपुस्तक विद्यालयमा अध्यापन गर्न, गराउन नुहने,

ग) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको नियमित जानकारी गराउनुपर्ने,

घ) नियम बमोजिम आयव्ययको लेखा राख्नुपर्ने,

ङ) विद्यालयले गरेको लगानीको अभिलेख राख्नुपर्ने,

च) नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप विद्यालयमा हुन नदिने,

छ) विद्यालयमा तोकिएको शिक्षक संख्यामा नघट्ने गरी कानून बमोजिम योग्यता पुगेको शिक्षकको व्यवस्था गर्नुपर्ने,

ज) विद्यालयमा अतिरिक्त कार्यकलाप तथा अन्य कार्यक्रम सञ्चालन गर्नुपर्ने,

झ) विद्यालयमा तथा छात्रावासमा स्वस्थकर र नैतिक चरित्र निर्माणको वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाउने,

ञ) आवासीय विद्यालयले शुरुमा कम्तीमा दश प्रतिशत विद्यार्थीलाई आवासीय सुविधा पुर्‍याउनुपर्ने,

ट) गाउँ शिक्षा समिति तथा गाउँ कार्य पालिकाले दिएको निर्देशन अनुरुप काम गर्नुपर्ने,

ठ) नियम (४) बमोजिमका पूर्वाधारहरु यथावत् राख्नुपर्ने,

ड) नियमानुसार तोकेको ढाँचामा विद्यालयको शैक्षिक तथ्याङ तयार गरी गाउँ पालिका र सम्बन्धित कार्यालयमा पठाउने ।

## परीच्छेद - ३

**११) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

(क) गाउँपालिका भित्रको समग्र शैक्षिक योजना तयार गर्ने र कार्यान्वयन गराउने।

(ख) गाउंपालिका भित्र विद्यालय सञ्चालनकालागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने।

(ग) गाउंपालिका भित्रका विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी निति तर्जमा गर्ने तथा आवश्यक स्रोतको खोजी गरी प्रदेश तथा संघमा सिफारीस गर्ने।

(घ) गाउँपालिका भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित, व्यवस्थित र भयरहित बनाउन सहयोग गर्ने।

(ङ) गाउँपालिका भित्रका विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने तथा लेखा परिक्षण प्रतिवेदनका विद्यालयहरुलाई आवस्यक निर्देशन कारवाही गर्ने।

(च) गाउँपालिका भित्रका संचालित विद्यालयहरुलाई आत्म निर्भर बनाउने कार्यक्रक तर्जुमा गरि लागु गर्ने । (६) गाउँपालिका भित्रका शिक्षक तथा विद्यार्थीका लागि कल्याणकारी कार्यक्रम बनाउने।

(ज) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने।

(झ) गाउँपालिका भित्रका विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने

(ञ) गाउँपालिका भित्रका विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने।(ट) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने।

(ठ) गाउँपालिका भित्रका विद्यालयको शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने (ड) गाउँपालिका भित्रका विद्यालयको सामाजिक परीक्षण गर्ने एवम् शिक्षाको अनुगमन तथा सुरिवेक्षणको प्रबन्ध गर्ने ।

(ढ) गाउँपालिका भित्रका सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

(ण) गाउँपालिका भित्रका विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने।

(त) गाउँपालिका भित्रका शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

(थ) गाउँपालिका भित्रका शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने ।

(द) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(ध) गाउँपालिका भित्रका संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृती र अनुमतीको लागि गाउँपालिकालाइआवश्यक राय सुझाव प्रदान गर्ने ।

(न) गाउँपालिका भित्रका विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँ पालिकामा पेस गर्ने ।

(प) गाउँपालिका भित्रका विद्यालयका शिक्षकहरुको सरुवा व्यवस्थापन गर्ने ।

(फ) गाउँपालिका भित्रका विद्यालयहरुमा आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

(ब) गाउँपालिका भित्रका विद्यलयमा विषयगत दरवन्धी मिलान गर्ने ।

(भ) गाउँपालिका भित्रका विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।

(म) गाउँपालिका भित्रका विद्यालयहरुका शिक्षकका लागि तालिम नीति तर्जुमा गरी लागु गर्ने ।

(य) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

**१२. गा.शि.स.को बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।**

१. गा.शि.स.को बैठक आवश्यकता अनुसार बस्ने छ।

२. गा.शि.स.को बैठक समितिको निर्देशनमा सदस्य सचिवले बालाउने छ ।

३. गा.शि.स.को बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षको निर्णय मान्य हुनेछ ।

## परिच्छेद - ४

## वडा शिक्षा समितिको काम, कर्तव्य, अधिकार र वैठक सम्बन्धि कार्यविधि

**१३. वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार** : वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क. आफ्नो वडा भित्रका विद्यालयको शैक्षिक योजना सम्वन्धि अभिलेख अधावधिक गराइराख्ने ।

ख. आफ्नो वडा भित्रको विद्यालयमा भर्ना भएका वा नभएका बालवालीकाहरुको उमेर, जात, लिंग समेतको विवरण अधावधिक गर्ने, गराउने ।

ग. आफ्नो वडा भित्रका वालवालिकाहरुलाई विद्यालय पठाउन शैक्षिक कार्ययोजना निर्माण गर्ने ।

घ. आफ्नो वडा भित्रका विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुर्‍याउने ।

ङ. आफ्नो वडा भित्र रहेका विपन्न र गरिबीको रेखामुनी रहेको परिवारको लगत राख्ने ।

च. आफ्नो वडा भित्रको वि.व्य.स. को कार्यमा समन्वय गर्ने

छ. आफ्नो वडा भित्रका सामुदायिक विद्यालयको शिक्षाको गुणात्मक विकासका लागी विद्यालयको सुपरीवेक्षण र अनुगमन गर्ने ।

ज. वडा भित्रको सामुदायिक विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गर्ने ।

झ. आफ्नो वडा भित्र शिक्षित जनशक्तिको अभिलेख राख्ने ।

ञ. आफ्नो वडा भित्रको विद्यालयका शिक्षकहरुको कार्य मुल्याङ्कन गरी सुझाव दिने र पुरस्कार, दण्ड, नसियतको लागि गाउँ शिक्षा समितिमा सुझाव प्रदान गर्ने ।

ट. वडा भित्रको सामुदायिक विद्यालयहरुको लागी आवश्यक साधन स्रोत जुटाइ परीचालन गर्ने ।

ठ. आफ्नो वडा भित्रका सामुदायिक विद्यालयको स्थापना गर्न गा.शि.स मार्फत पहलकदमी लिने ।

ड. आफ्नो वडा भित्रका सामुदायिक विद्यालयमा अतिरिक्त शैक्षिक क्रियाकलापको संचालन गराउने ।

ढ. गाँउ शिक्षा समीति र गाँउपालीकालाई आवश्यक सल्लाह सुझाव प्रदान गर्ने र मातहतको अधिनमा रहि काम गर्ने गराउने ।

ण. वडा शिक्षा समितिको कार्यालयः वडा शिक्षा समितिको कार्यालय सम्वन्धित वडा समितिको कार्यालयमा रहनेछ ।

**१४. वडा शिक्षा समितिको वैठक सम्बन्धि कार्यविधि समिति आफैले तयार गरे अनुसार रहनेछ ।**

(१) व.शि.स.को बैठक आत्वश्यकता अनुसार वस्ने छ ।

(२) व.शि.स.को बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छ ।

(३) व.शि.स.को बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षको निर्णय मान्य हुनेछ

## परिच्छेद - ५

**१५. स्थानिय शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार :-**

(क). गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

(ख). गाउँपालिका तथागाउँ शिक्षा समितिवाटशिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

(ग). विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने ।

(घ) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

(च) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने ।

(छ) गाउँपालिका भित्र विद्यालय जाने र विद्यालय बाहिर रहेका वालवालिकाको शैक्षिक तथ्याङ्ग अद्यावधिक गराउने ।

(ज) प्रारम्भिक बालशिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा तथा खुला शिक्षा, निरन्तर सिकाइ एवम् विशेष शिक्षा सञ्चालनको योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने।

(झ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना बनाउने र कार्यान्वयन गर्ने।

(ञ) सामुदायिक विद्यालयहरुको शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि सहयोग गर्ने तथा स्रोत र साधनको समुचित बाँडफाँड गर्ने गराउने।

(ट) गाउँपालिका भित्र सामुदायिक विद्यालय खोल्न अनुमति प्रदान गर्न, कक्षा थप गर्न, विद्यालय सार्न दा दुई वा दुई भन्दा बढी विद्यालय एक आपसमा गाभ्न, विद्यालयको नाम परिवर्तन गर्न गाउँ कार्यपालिकामा सिफारिस गर्ने।

(ठ) विद्यालयको सम्पत्ति संरक्षण गर्ने गराउने।

(ड) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको बिदाको अभिलेख अद्यावधिक गर्न लगाउने, अध्ययन विदा, वेतलवी विदा र असाधारण बिदाका लागि विद्यालयबाट अनुरोध भएमा औचित्यता हेरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पेस गर्ने। अन्य विदाको हकमा विद्यालयबाट रितपूर्वक सिफारिस भई आएमा स्वीकृत गर्ने।

(ढ) आफ्नो गाउँपालिका भित्र वार्षिक रूपमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने तथा विद्यालयहरूमा न्यूनतम शिक्षक दरबन्दी उपलब्ध गराउने व्यवस्था गर्न गाउँ कार्यपालिकामा पेस गर्ने ।

(ण) आफ्नो गाउंपालिका भित्र उचित स्थानमा स्रोत केन्द्र निर्धारण गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने र स्रोत केन्द्रबाट विद्यालयको निरीक्षण सहित अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गराउने

(त). सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बढाउन शिक्षक कर्मचारीलाई तालिम तथा वृति विकासका योजनाहरु बनाई गाउँ कार्यपालिकामा पेश गर्ने र त्यसको कार्यान्वयन गराउने ।

(थ). विद्यालयको आवश्यकताको पहिचान गर्दै भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्ने योजना गाउँपालिकामा पेश गर्ने ।

(द). पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्री वितरण, निर्माण गर्ने, गराउने ।

(ध). परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धि योजना बनाई गाउँ कार्यपालिकामा पेश गर्ने । सामुदायिक विद्यालयका परीक्षा संचालन गर्ने तथा अनुगमन गराउने ।

(न). गाउँपालिका भित्र सामुदायिकपुस्तकालय र वाचनालयको सञ्चालन र व्यवस्थापन गर्ने ।

(प). गाउँपालिका क्षेत्रका विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने, गराउने।

(फ). स्वीकृत दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त भई स्थायी पदपूर्तिको लागि विद्यालयको माग भएमा पदपूर्तिका लागि शिक्षक सेवा आयोगमा लेखी पठाउनको लागि विवरण तयार गरी गाँउ शिक्षा समितिमा पेस गर्ने,

(ब). गाउँपालिका अध्यक्षले तोके वमोजिम अन्य कार्य गर्ने, गराउने ।

(भ). कानून वमोजिम अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद - ६

## विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकारः

(१). सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क)समितिका सदस्यहरूले (ख), (ग) र (घ) मध्येबाट छानेको व्यक्ति तर (ग) बमोजिक वडा अध्यक्ष मनोनित भएमा स्वतः वडा अध्यक्ष - अध्यक्ष

(ख)अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना : - सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका बड़ा अध्यक्ष वा वडासमितिले मनोनयन गरेको एकजना : - सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरूमध्येवाट वडा शिक्षा समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना : - सदस्य

(ङ) स्थानीय शिक्षाप्रेमी मध्येवाट गाउँशिक्षा समितिले मनोनित गरेको एक जना : - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक : - सदस्य सचिव

(२). **सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र** अधिकार देहायबमोजिम **हुनेछ :**

(क). विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख). विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग). विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ). विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ). विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च). विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।

(छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट शिफारिश भएका शिक्षक पदको लागि योग्य उम्मेदवारलाई हाजिर गराइ काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

(झ) गाउँ पालिकाबाट खटिएकाशिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने; गाउँशिक्षा समितिवाट तोकिएको रजिष्टर्डलेखापरीक्षकबाट विद्यालयकोवार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाहीगर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिकार गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,()

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मोलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने

(ड) तोकिए वमोजिम दरवन्दीका शिक्षकलाई विभागीय कारवाही गर्ने;

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिएवमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रवन्ध मिलागने ।

(त) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**वि.व्य.स. को छनोट तथा वैठक सम्वन्धि कार्यविधि :**

**१७. अध्यक्ष तथा सदस्य छनोट सम्बन्धि व्यवस्था :**

१.सम्बन्धित विद्यालयका प्र. अ. लेसामुदायीक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनोट गर्ने प्रयोजनको लागी शै. स. शुरु भएको ४५ दिन भित्र कम्तीमा ७ दिनको सुचना दिइ अभिभावकको भेला गराउनुपर्नेछ ।तर निर्धारीत पदावधि समाप्त भएको कारण अध्यक्ष वा सदस्य छनोट गर्ने प्रयोजनका लागी अध्यक्ष वा सदस्यको पद पदावधि समाप्त हुनुभन्दा कम्तिमा ३० दिन अघि अगावै र अन्य अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त भएमा पदपुर्ति गर्नको लागी त्यसरी रिक्त भएको १५ दिन भित्र अभिभावक हरुको मेला गराउनु पर्नेछ ।

२. उपनियम १ वमोजिम अध्यक्ष वा सदस्य छनोट गर्ने सम्वन्धमा अभिभावकलाई सहयोग गर्नका लागी गाँउपालीकाका गा.शि.स. अध्यक्षले खटाएको प्रतिनीधिको संयोजकत्वमा प्र.अ.,वडा शिक्षा समितिले खटाएको प्रतिनिधि रहेको ३ सदस्यीय छनोट सहयोग समिति गठन गर्ने छ।

४. व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुको छनोट सम्वन्धि अन्य कार्यविधि स्थानीय शिक्षा ऐन २०७४ बमोजीम हुनेछ।

१८. **राजीनामा स्विकृत गर्ने अधिकारी** : व्यवस्थापन समितिका सदस्यको राजीनामा समितिका अध्यक्षले र दिव्य स का अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्विकृत गर्ने छ ।

तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा समितिका सदस्यहरुमध्ये सवै भन्दा जेष्ठ सदस्यले स्विकृत गर्नेछ।

१९. **अभिभावक नहुने** : विद्यालयले विद्यार्थीका बाबुआमा, दाजुभाई दिदिवहिनी, बाजे बज्यै विद्यार्थीको अभिभावक हुनेछन् । साथै सो भन्दा बाहेकका व्यक्तिलाई अभिभावक मानिने छैन । तर व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुको छनोट गर्ने प्रयोजनको लागी स्थानीय शिक्षा ऐन २०७४ बमोजिम र यो नियमावलीको बाबुआमा, बाजे वा बज्यै नात्र अभिभावक मानिने छ ।

२०. **व्यवस्थापन समितिको वैठक सम्वन्धि कार्यविधि :-**

१.व्यवस्थापन समितिको बैठक २ महिनामा कम्तिमा १ पटक बस्ने छ ।

२.व्यवस्थापन समितिको वैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले वताउने छ ।

३ उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएतापनी व्यवस्थापन समितिको एक तिहाई सदस्यले लिखित

अनुरोध गरेमा व्यवस्थापन समितिका सदस्य सचिवले जहिलेसुकै पनी वैठक बोलाउनु पर्नेछ।

४. व्यवस्थापन समितिको वैठकमा छलफल हुने विषयसुचि सदस्य सचिवले ३ दिन अघि नै सदस्यहरुलाई जानकारी गराउनुपर्ने छ ।

५. व्यवस्थापन समितिमा तत्काल कायम रहेको ५० प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा व्यवस्थापनसमितिको वैठकका लागी गणपुरक संख्या मानिने छ ।

६. व्यवस्थापन समितिको वैठकको अध्यक्षता सो समितिका अध्यक्षले गर्ने छ । निजको अनुपस्थितिमा वैठकमा उपस्थित सदस्यहरुमध्य आफु मध्यबाट छानेको सदस्यले अध्यक्षता गर्ने छ ।

७. व्यवस्थापन समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएका बैठकका अध्यक्षले आफ्नो निर्णायक मत दिन सक्नेछ ।

८. व्यवस्थापन समितिको बैठक सम्बन्धि अन्य कार्यविधि व्यवस्थापन समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२१. **व्यवस्थापन समिति विघटन गर्न सक्ने अवस्था** : देहायको अवस्थामा वि.व्य.स. विघटन गर्न सक्नेछ ।

क. विद्यालयको सम्पति हिनामिना गरेमा ।

ख. विद्यालयको शैक्षिक वातावरण खलबलाएमा ।

ग. नेपाल सरकारको निति विपरीत काम गरेमा ।

घ. विद्यालका व्यवस्थापन सन्तोषजनक रुपमा गर्न नसकेमा :

ङ. सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालना नगरेमा ।

च. माथि उल्लेखित शर्तहरु पालना नगरेमा सम्बन्धित वडा शिक्षा समितिको सिफारिसमा गाँउ शिक्षा समितिले विघटन गर्न सक्नेछ ।

२२. **वि.व्य.स. को अध्यक्ष र सदस्य हुन नसक्ने : देहायको अवस्थामा व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन ।**

**क.** गैर नेपाली नागरीक तर स्थानीय शिक्षा ऐन २०७४ बमोजिमको व्यवस्था अनुरुप नेपाल सरकारसँग सम्झौता बमोजिम खोलीएको विद्यालयको हकमा यो नियम लागु हुने छैन ।

ख. २५ वर्ष उमेर पुरा नभएको ।

ग. अध्यक्षको लागी सम्वन्धित विद्यालयको कर्मचारी वा शिक्षक पदमा कार्यरत व्यक्तिहरु अन्य विद्यालयकै भएपनी अध्यक्ष हुन नपाउने |

घ. प्रचलित कानुन बमोजिम कालोसुचिमा पर्ने ।

ङ. नैतिक पतन हुने मौजदारी अभियोगमा अदालतले कसुरदार ठहर गरेको व्यक्ति ।

च. नेपाल सरकारवाट पारिश्रमिक र सेवासुविधा पाउने गरी सेवारत व्यक्तिहरुले वि.व्य.स. को अध्यक्ष हुन पाउने छैन । तर निवृतिभरणमा बसेका व्यक्तिहरुको हकमा यो उपनियम लागु हुने छैन।

**२३. अभिभावक, शिक्षक तथा विद्यार्थी संघको गठन, काम, कर्तव्य र अधिकार :**

(१). सामुदायिक विद्यालयमा अभिभावक, शिक्षक तथा विद्यार्थी बीच सहकार्य तथा सामाजिक परीक्षण गरी सुव्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक अभिभावक, शिक्षक तथा विद्यार्थी संघ रहने छ :

(क). विद्यालयका अविभावकहरु मध्येवाट विद्यालय व्यवस्थापन समितिले छनौट गरेको व्यक्ति - अध्यक्ष

(ख).अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला सहित तिनजना - सदस्य

(ग).विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(घ).विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजनाः -सदस्य

ङ).अध्यक्ष विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको आधारभूत तथा माध्यमिक तहगत शिक्षक प्रतिनिधि दुईजना - सदस्य

च). बालक्लव वा विद्यालयले छानेको प्रथम छात्र प्रथम छात्रा सहित बालक्लव अध्यक्ष सहित

दुइजना - सदस्य

**(२). एक अभिभावक, शिक्षक तथा विद्यार्थी संघको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-**

(क). विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ख). विद्यालयको सामाजिक परीक्षण गर्ने ।

(ग). अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने ।

(घ). विद्यालय भर्ना अभियान सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद - ७

## विद्यालयका शिक्षक कर्मचारीको नियुक्ति दरवन्दी सेवाशर्त, योग्यता एंवम सक्षमताको मापदण्ड :

**२४. प्रधानाध्यापक सम्वन्धि व्यवस्था :**

**गाउँपालिकामा सूचिकृत हुनपर्ने सम्बन्धि व्यवस्था :**

१. गाउँपालिका भित्रका सामुदायिक विद्यालयका प्रधानध्यापकहरु गाउँपालिकाले लिने प्रशासनिक क्षमता सम्वन्धि योग्यता परीक्षा मार्फत प. अ. योग्य सूचीमा अनिवार्य दर्ज हुनुपर्नेछ । प्रत्यके २ वर्षमा गाउँपालिकाले योग्यता परीक्षा संचालन गर्नेछ। हाल कार्यरत प्रधानध्यापहरुले यो नियामावली लागु भएको ६ महिनाभित्र योग्ता परीक्षामा उर्तिण भई गाउँपालिकामा सूचीकृत हुनुपर्नेछ।

२.हरेक २ वर्षमा गाउँपालिकाले लिने योग्यता परीक्षामा नियामावली २५ को (क), (ख), (ग) र (घ) अनुसार पूर्व योग्यता पुगेका स्थायी शिक्षकहरु सहभागि हुन सक्नेछन् । उक्त परीक्षा उर्तिण भई प्र. अं योग्य सूचीमा सुचीकृतहरुले मात्र भविष्यमा रिक्त हुन आउने सामुदायिक विद्यालयको प्रधानध्यापकको पदको लागि आवेदन दिन सक्नेछ ।

**२५. प्र. अ. को लागि तोकिएका पूर्व योग्यता :**

क). सामुदायिक विद्यालयमा रिक्त रहेको प्र.अ. पदमा आधारभुत तहको हकमा शिक्षा शास्त्र विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह (१-५) का लागी (१-८) का लागी शिक्षा शास्त्रमा स्नातक वा सो सरह माध्यामिक तहको हकमा शिक्षा शास्त्र विषयमा स्नातकोत्तर वा सो सरह ।

ख). मा.वि. तहमा प्र.अ. हुन कम्तिमा १० वर्ष स्थायी सेवा गरेको हुनुपर्ने छ ।

ग). स्थायी शिक्षक हुनुपर्ने ।

घ). आधारभूत तहमा प्र.अ. हुन कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको हुनुपर्नेछ।

**२६. रिक्त प्र.अ. पदमा पदपूर्तिका लागि गाउँपालिकाको प्र.अ. योग्य सूचीमा दर्ज शिक्षकहरुले वि.व्य.स. समक्ष तोकेन्द्रो समयमा निवेदन दिन सक्नेछ । उक्त निवेदन र योजना सहितको दरखास्त वि.व्य.स. ले गाँउ शिक्षा समितिमा पठाउने छ ।**

**२७. प्रधानध्यापक मूल्याङ्कन परीक्षा सम्बन्धि व्यवस्था :**

क). गाउँपालिकाले प्रत्येक २ वर्षमा सामुदायिक विद्यालयमा कार्यरत प्र.अ. हरुको मूल्याङ्कन परीक्षा संचालन गर्नेछ । उक्त परीक्षामा औसत अंकभार भन्दा तल अंक ल्याउने प्र अ हरुलाई गाउँ शिक्षा समितिले प.अ. बाट पदमुक्त गराई शिक्षकको रुपमा पदस्थापना गर्न सक्नेछ ।

२८. **क)** प्र.अ. को पदावधि ५ वर्षको हुनेछ हाल कार्यरत प्र. अ. को हकमा पनि नियुक्त भएको मितिबाटै पदावधि सुरु भएको मानिनेछ । २ वर्ष सेवा अवधि सम्पन्न गरेका सामुदायिक विद्यालयका प्र.अ. हरुले यो नियमावली लागु भएको ६ महिनाभित्र गाउँपालिकाले लिने मूल्याइन परीक्षामा उर्तिण हुनुपर्नेछ ।

ग). गाउँपालिकाले सामुदायिक विद्यालयमा कार्यरत प्र.अ. हरुलाई लिने योग्यता सम्बन्धि परीक्षामा अनुर्तिण भएका र प्र.अ. मूल्याउन परीक्षामा औसत अंकभार भन्दा तल अंक आएका प्र.अ. हरु स्वत : पद मुक्त हुनेछन् । शिक्षकको रुपमा गाउँपालिकाले सामुदायिक विद्यालयहरुमा पदस्थापना गर्नेछ ।

२९ .नियुक्त भएका प्र.अ.को काम सन्तोषजनक नदेखिएमा निजको आचरण खराव भएमा भन्ने कुरा सम्वन्धित स्थानीय शिक्षा अधिकारीले दिएको प्रतिवेदन र वि.व्य.स.को सिफारीसको आधारमा निजलाई गाँउ शिक्षा समितिले हटाउन सक्नेछ ।

३०. प्र.अ. बाट हटाउन अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरीने छैन ।

३१. सामुदायिक विद्यालयको प्र.अ.अनुपस्थित रहेमा वा अन्य कुनै कारणले पद रिक्त भएमा अर्को व्यवस्था नभएसम्मको लागी विद्यालयमा काम गर्ने शिक्षकहरुमध्य वरिष्ठतम को आधारमा निमित्त भई कामकाज गर्न सकिने छ ।

३२. प्रधानाध्यापक योग्यता परीक्षा र नियुक्ति मूल्यांकन सम्बन्धि छुट्टै मापदण्ड गाउ शिक्षा समितिले निर्धारण गर्ने सक्नेछ ।

**३३. शिक्षकको नियुक्ति र योग्यता :**

क).गाउँ पालिका क्षेत्र भित्र तीन वा तीन भन्दा वढि विद्यालयमा एकै समय करार वा अस्थायीमा नियुक्त गर्नु पर्ने भएमा र भविष्यमा रिक्त हुने सम्भावनाको महशुश गरेमा गाउँ शिक्षा समितिले एकै चरणमा परीक्षा लिई नियुक्त गरि विद्यालयमा खटाउन सनेछ । यसरी लिएको परीक्षाबाट करार सूची प्रकाशन गर्न सकनेछ। यसरी सूची प्रकाशित गरेको भएमा सोही सूचीवाट विद्यालय

**व्यवस्थापन समितिले नियुक्ति गनु पर्नेछ । यो परीक्षाको छनौट समिति देहाय वमोजिम हुनेछ ।**

गाउँशिक्षा समितिको अध्यक्षले तोकेको व्यक्ति : - संयोजक
स्थानीय शिक्षा अधिकारीले तोकेको व्यक्ति : - सदस्य-सचिव
गा.शि.स. ले नियुक्त गरेको विशेषज्ञ २ जना : - सदस्य
गा.शि.स. को प्रतिनिधि : - सदस्य

ख). नियम ३३ को (क) तथा नियम ४१ को उपनियम (क) वमोजिम सञ्चालित परीक्षाको सम्पूर्ण कागजात सहितको नतिजा गाउँ शिक्षा समितिमा र नतिजा विद्यालय व्यवस्थापन समितिमा पेश गरी सार्वजनिक स्थलमा प्रकाशन गर्नु पर्नेछ ।

**शिक्षक हुनको लागि चाहिने योग्यता :**

क). आधारभूत तहको लागि प्रविणता प्रमाणपत्र तह वा १२ कक्षा उर्तिण गरेको वा सो सरहको योग्यता हुनु पर्नेछ ।

ख). माध्यामिक तहको लागि स्नातकोत्तर वा सो सरहको योग्यता हुनुपर्ने छ ।

ग). शिक्षक हुनको लागि अनिवार्य रुपमा अध्यापन अनुमति पत्र हुनु पर्नेछ ।

घ). शिक्षक नियुक्ति गर्दा लिखित र मौखिक परिक्षा दिनु पर्नेछ । आवश्येकतानुसार प्रयोगात्मक परीक्षा पनि लिन सकिनेछ । परीक्षाको पाठ्यभार देहाय बमोजिम हुनेछ।

लिखित : १०० अंङ्
मौखिक : २५ अंक
प्रतियोगिकतात्मक परिक्षा : २५ अंक

**शिक्षक र कर्मचारी सरुवासम्बन्धी व्यवस्था**

३४. गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सरुवा गर्न गाउँ समितिमा सिफारिस गर्न गाउँपालिका भित्र एक समिति देहाय वमोजिम रहनेछ ।

क. गा.शि.स. - संयोजक

ख. गाउँ शिक्षा समितिले विभिन्न वडा शिक्षा समितिको अध्यक्षहरु मध्यवाट मनोनित -१ जना - सदस्य

ख. विशेषज्ञहरु मध्य बाट गाउँ शिक्षा समितिले मनोनित एक जना : - सदस्य

ग. गाउँ पालिकाको शिक्षा हेर्ने
विषयगत समिति संयोजक - सदस्य

ङ. स्थानिय शिक्षा अधिकारी - सदस्य सचिव

**३५. समितिको काम कर्तव्य र अधिकार निम्न वमोजिम रहनेछ**

क). गाउँ पालिका भित्रका शिक्षक तथा कर्मचारीहरुको सरुवासम्बन्धी मापदण्ड बनाई सोही अनुसार गाउँ शिक्षा समितिमा स्विकृतीका लागि पेश गर्ने ।

ख). गाउँपालिका भित्रका अस्थायी तथा राहत शिक्षक एवं कर्मचारीहरुलाई सरुवाका लागि गाउँ शिक्षा समितिलाई पेश गर्ने ।

ग). गाउँ शिक्षा समितिले तोके अनुसार 'सरुवासम्बन्धी मापदण्ड तथा निर्देशिका तयार गरी गाउँपालिकामा स्वीकृतिका लागि पेश गर्ने ।

**३६. गाँउ शिक्षा समितिले शैक्षिक शत्र शुरु भएको एक महिनाको विचमा समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षक विच वर्षमा एक पटक मात्रै गाँउपालिका भित्रका विद्यालयहरुमा गा.प. सरुवा (पारस्परिक) गर्न सक्ने छ । तर सामान्यतया शिक्षकको सरुवा वा पदस्थपना भएको तिन वर्ष सम्म गरिने छैन ।**

३७. **गा.पं. सरुवा (पारस्पकि) वर्षमा एक पटक भन्दा भन्दा गर्न पाईने छैन । गा. प. सरुवा** (पारस्परिक) का लागि सम्बन्धीत विद्यालयको वि.व्य.स. को स्वीकृति आवश्यक रहने छैन ।

**३८. संरुवासम्बन्धी समितिको सिफारिसको आधारमा गाँउ शिक्षा समितिले आफ्नो छुटै मापदण्ड र कार्यविधि बनाई गा.प. सरुवा (पारस्परिक) गर्न सक्ने छ ।**

**३९. गा.प. सरुवा (पारस्परिक) बाहेकका अन्य नियमित सरुवाहरु स्थानीय शिक्षा ऐन २०७४ ले तोके बमोजिम हुनेछ।**

## परिच्छेद ८

## प्रधानाध्यापक र शिक्षकको काम कर्तव्य र अधिकार :

४०. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) विद्यालयमा शैक्षिक वातावरण गुणस्तर अनुशासन कायम राख्ने,

ख) विद्यालयमा शिक्षक तथा कर्मचारीहरुसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरु विचप पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

ग) विद्यालयमा अनुशासन सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

घ) शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा संचालन सम्बन्धी कार्यक्रम तयार गर्न तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा संचालन भए नभएको निरीक्षण गर्न,

ङ) विद्यालयमा सरसफाई अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्न गराउने,

च) विद्यालयको प्रशासनिक कार्यको संचालन तथा नियन्त्रण गर्न,

छ) विद्यालयमा विद्यार्थी भर्ना गर्न तथा परिक्षा संचालन गराउने,

ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारवाहीको अभिलेख राख्ने,

ञ) कुनै शिक्षकले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानि नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलववाट कट्टा गरी असुल गर्न,

ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदिय जिम्मेवारी पूरा नगरेमा-व्यवस्थापन समितिको सिफारिस वमोजिम अवकाश लगायतका अन्य विभागिय कारवाही गर्न,

ठ). शिक्षक र कर्मचारीलाई दिएको सजायको अभिलेख राख्ने तथा त्यस्ता अभिलेख जिल्ला शिक्षा अधिकारीले तथा निरिक्षकले हेर्न चाहेमा देखाउने,

ड). शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्य सम्पादनं सम्वन्धि प्रतिवेदन जि.शि.का. तथा व्यवस्थापन समितिमा पेश गर्न,

ढ) शिक्षकलाई सजाय तथा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा जि.सि.का. मा सिफारिस गर्न,

ण) महिनाको कम्तिमा एक पटक शिक्षकरुको बैठक बोलाई विद्यालयउ सम्वन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(त) विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त भएका शिक्षक तथा कर्मचारीहरुको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(थ) विद्यालय भवन तथा छात्रा । स को हाताभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने,

(द) विद्यालयमा अध्ययन अध्यापन सम्बन्धि मासिक अर्ध वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्न गराउने

थ) विद्यालयको वार्षिक व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्न गराउने,

न). शिक्षकलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई जि.शि.का. मा पठाउने,

प). कुनै विद्यार्थीले विद्यालयभित्र अनुशासन भङ्ग गरेमा निजलाई निष्कासन गर्न,

फ). विद्यालयमा नेपाल सरकारवाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने,

ब) .वि.व्य.स.ले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्न र आय व्ययको हिसाव राख्ने तथा राख्न लगाउने,

भ). विद्यालयमा संचालन हुने आवधिक परिक्षा नियमित तथा मर्यादित ढंगवाट संचालन गर्न गराउने,

म). कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म १५ प्रतिशत भन्दा वढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा

अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्न,

य). विद्यालयमा दैनिकध रुपमा मन्त्रालयले तोकेबमोजिम कक्षा लिने तथा लिन लगाउने,

र). नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा नियुक्ति पाई कार्यरत रहेका शिक्षकको तलवी प्रतिवेदन पारित गर्न जि.शि.का.पठाउने,

ल). आफ्नो मातहतका शिक्षक तथा कर्मचारीहरुको काम, कर्तव्य तोक्ने,

व). जि.शि.का. तथा वि.व्य.स.ले दिएका निर्देशन पालन गर्न

.श). विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क मन्त्रालयद्वारा निर्धारित ढाँचा र समयभित्र निरीक्षणद्वारा प्रमाणित गराई जि.शि.का. मा पठाउने,

ष). विद्यालयको आफ्नो स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त भएका शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्न ।

**४१. शिक्षकको नियुक्ति :**

**क).** विद्यालयमा रिक्त तथा राहत शिक्षक दरबन्दीमा अस्थायी तथा करार नियुक्तिको लागि देहाय वमोजिमको एक शिक्षक छनौट समिति हुनेछ ।

१) वि.व्य.स.अध्यक्ष : - संयोजक

२) गा.शि.स. का अध्यक्षले तोकेको विषय विज्ञ १ जना : - सदस्य

३) गाउँपालिकाको स्थानीय शिक्षा अधिकारी : - सदस्य

४) प्र.अ.: सदस्य-सचिव

४२. समितिको काम, कर्तव्य र अधिकार : शिक्षकको नियुक्ति सम्बन्धि निर्माण भएको समितिको काम, कर्तव्य

**अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) गाउँपालिका भित्रमा शिक्षकहरुको नियुक्ति, स्थायी शिक्षकहरुमा प्रचलित कानून बमोजिम हुनेछ भने राहत, तथा करारमा रहेका शिक्षकहरुको नियमित सरुवातथा नियुक्ति मात्र यो समितिले गर्न सक्ने छ ।

ख). सम्बन्धित शिक्षकले सम्बन्धित निकायमा सरुवाको लागि निवेदन पेश गरेमा सो उपर वि.व्य.स. को सहमतिमा र जाने विद्यालयको सहमतिमा पारस्पारिक सरुवा स्थानिय शिक्षा अधिकारीले सरुवा गर्न सक्नेछ ।

ग). शिक्षकको नियुक्ति गर्दा सम्वन्धित निकायबाट दरबन्दि प्रमाणित गराई कम्तीमा १८ दिनको सार्वजनिक सूचना प्रकाशित गरी खुल्ला प्रतिस्पर्धाको आधारमा शिक्षक छनोट गर्न सक्नेछ । यसरी नियुक्ति गर्दा प्रचलित कानून बमोजिमको योग्यताको प्रमाणित प्रतिलिपि अध्यापन अनुमतिपत्र नेपाली नागरिकताको फोटोकपी, निरोगिताको प्रमाण पत्र संलग्न भई आएमा र निजले सम्बन्धित परिक्षामा सर्वोत्कृष्ट अंक ल्याएमा निजलाई करारमा नियुक्ति दिन सक्नेछ । साथै नियुक्तिको प्रक्रिया पूरा गरि सकेपछि सम्बन्धित कार्यालयमा रेकर्ड अधावधिक गर्नु पर्ने छ । निजको तलव भत्ता प्रचलित कानून बमोजिम हुनेछ भने अन्य सेवा सुविधा पनि प्रचलित कानून बमोजिम हुनेछ ।

घ). स्थायी आजको हकमा बढुवा प्रचलित कानून बमोजिम हुनेछ ।

ङ). करारमा नियुक्ति भएका शिक्षकहरुलाई सेवा अवधि गर्ने आधारमा, पूरा अवधि २० वर्षको मानी सोको आधारमा उपदानको व्यवस्था गर्न सक्नेछ । बिरामी विदा, भैपरी आउने र पूर्व विदा, क्रिया, सुत्केरी जस्ता विदाहरु तथा भरण पोषण, निवृतिभरण र अन्य सेवा सुविधा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

**४३. शिक्षक हुनको लागि चाहिने योग्यता :**

क). आधारभूत तहको लागि शिक्षा शास्त्रसँग सम्बन्धित विषयमा १२ कक्षा उर्तिण गरेको वा सो सरहको योग्यता हुनु पर्नेछ।

ख). माध्यामिक तहको लागि शिक्षा शास्त्रसंग... मा सम्वन्धित विषयमा स्नातकोत्तर वा सो सरह योग्यता हुनुपर्ने छ ।

ग). शिक्षक हुनको लागि अनिवार्य अध्यापन अनुमति पत्र हुनु पर्नेछ ।

घ). शिक्षक नियुक्ति गर्दा लिखित मौखिक र प्रयोगात्मक र अर्न्तवार्ता परिक्षा दिनु पर्नेछ ।

**४४. परिक्षा संचालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।**

क). आधारभूत तह र मा. वि. तहको परिक्षा वार्षिक ३ वटाका दरले लिइने छ ।

प्रथम परिक्षा : १० पूर्णाङ्क सहितको - १ - ३ CAS ( निरन्तर मूल्याङ्कन प्रणाली) ४-५, ५० प्रतिशत

लिखित ५० प्रतिशत परिक्षा ६-८ २५ प्रतिशत CAS ( निरन्तर मूल्याङ्कन प्रणाली) ७५ प्रतिशत लिखित मा.वि.लिखित कक्षा ८ जिल्लास्तरीय, कक्षा १० को अन्तिम

परिक्षा क्षेत्रिय वा प्रदेश स्तरीय हुनेछ । कक्षा ११-१२ को परिक्षा राष्ट्रिय परिक्षा बोर्डबाट हुनेछ ।

## परिच्छेद -९

## शिक्षक तथा कर्मचारीको पदिय आचरण तथा अन्य व्यवस्था :

## शिक्षकले पालन गर्नुपर्ने आचारसंहिता :

**४५. शिक्षकले देहायबमोजिमको आचारसंहिता पालन गर्नुपर्नेछ ।**

क) आफुलाई खटाइएको ठाँउमा गई तोकिएको काम गर्नुपर्ने ।

ख) निर्धारित समयमा नियमितरुपले विद्यालयमा आए गएको समय जनाई हाजिर हुनुपर्ने र पहिले विदाको अनुमती नलिई विद्यालयमा अनुपस्थित हुन नहुने ।

ग) आफ्नो सेवासम्बन्धि कुरामा मतलव साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्ने प्रयत्न गर्नु नहुने ।

घ) नेपाल सरकार र नेपाली जनताको पारस्पारिक सम्वन्धमा वा कुने विदेशी राष्ट्रसँगको सम्वन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नाम गट वा वेनामी कुनै लेख प्रकाशित गर्न वा प्रेसलाई कुनै खवर दिन वा रेडियो वा टेलिभिजन आदिजस्ता सूचना माध्यमद्धारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्न नहुने ।

ङ  विद्यार्थीलाई योग्य नागरिक बनाउने उदेश्य लिई अध्ययन र अध्यापनलाई आफू मुख्य लक्ष्य सम्झनुपर्ने ।

च)  आज्ञाकारिता,अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालई प्रोत्साहन दिनुपर्ने ।

छ)  कुनै भाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने ।

ज)  सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र गाँउ शिक्षा अधिकारीको स्वीकृति नलिई आफु वाह रहेको विद्यालयवाहिर काम गर्न नहुने ।

झ)  विद्यालय वा शैक्षिक संस्थाको माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नुपर्ने ।

ञ)  नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति, सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनै पनि कार्यालय वा अधिकृतको कानुनद्धारा निर्धारित कर्तव्य पुरा गर्नमा वाधा विरोध हुने गरी प्रदर्शन, हड्ताल तथा घेराउ गर्न नहुने ।

ट)  विद्यार्थीलाई शारिरिक वा मानसिक यातना दिन नहुने ।

ठ)  सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरु कुनैपनि राजनीतिक दलको सदस्यता लिई कुनै राजनीतिक क्रियाकलाप गर्न नपाईने।

**४६. शिक्षक तथा कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था :**

क) आधारभूत पूर्व प्राथमिक भए १ जना शिक्षक

ख) आधारभूत तह (कक्षा १ देखी ५) १ देखी ५० जना भन्दा वढी विद्यार्थी भएमा कम्तीमा २ जना र सो भन्दा बढी भएमा कम्तीमा ३ जना शिक्षक

ग) ६ देखी ८ मा कम्तीमा ४ जना शिक्षक हुनुपर्ने ।

१) अंग्रेजी २) विज्ञान वा गणित ३) नेपाली ४) सामाजिक ५) १० + २ उत्तिर्ण गरेका ३ जना र प्रविणता पास गरेका शिक्षकहरु १ जना

तर यो नियमावली लागु हुनु भन्दा अगाडी कार्यरत शिक्षकहरुको हकमा यो नियम लागु हुने छैन ।

घ) कक्षा ९ देखि १२ संचालित विद्यालयमा ८ जना शिक्षक कक्षा ६ देखि १० संचालित विद्यालयमा कम्तीमा ९ जना शिक्षक

१) अग्रेजी २) विज्ञान गणित ३) नेपाली ४ ) सामाजिक ५) स्नातक वा सो भन्दा माथिका

प्रमाणपत्र तह पास गरेका सम्बन्धित विषयहरुमा कक्षा ११-१२ उच्च माध्यामिक शिक्षा ऐन २०४६ मा व्यवस्था भएवमोजिमका शिक्षकहरु रहनेछन ।

**४७. गाउँ शिक्षा समितिले सामुदायिक विद्यालयहरुमा गा.प. अन्तर्गत रहने गरि बढिमा ३ जना खेलकुद शिक्षकको दरबन्दी कायम गरि प्रत्येक सामुदायिक विद्यालयको माग र आवश्यकताको आधारमा पदस्थापना वा नियुक्ति ग र्न सक्नेछ ।**

**४८. स्थानिय शिक्षा ऐन २०७४ बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, व्रिज कोर्श, पूर्व तयारी कक्षा, विदेशी मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न गाँउपालिका सँग अनुमती लिनुपर्नेछ ।**

१). अनुमती लिनको लागि गाँउपालिकामा निवेदन दिन सक्नेछन । तर विदेशी संस्थामास संचालित शिक्षाको सम्बन्धमा भने नेपाल सरकार सँग सम्झौता भएमा वा कुटनीतिक नियोगद्धारा सिफारिस भएमा नेपाल सरकारले तोकेको शर्तअनुसार विद्यालय संचालनको अनुमती दिन सकिनेछ सो का लागि प्रचलित कानुन बमोजिमको पूरा गर्नुपर्नेछ।

२). निवेदन पर्न आएमा गाँउपालिकाले निवेदन अनुसार आवश्यक जाँचबुझ गरी उचित मनासिव माफिको कारण देखिएमा गाँउपालिकाले अध्यक्षले विद्यालय संचालनको अनुमती दिन सक्नेछ ।

३). शैक्षिक गुठी अन्तर्गत विद्यालयमा खोल्न देहाय बमोजिम हुनुपर्नेछ ।

क). गूठी संचालन संगठित संस्थाको हुनुपर्ने

ख). संचालक वोर्डमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा ३ जना सदस्य हुनुपर्ने ।

ग). शैक्षिक गुठीको आय व्ययको लेखा गाँउ शिक्षा समितिले नियुक्ति गरेको लेखा परिक्षकबाट गराउनुपर्ने

घ). शैक्षिक गुठी संचालकहरुले आफ्नो जीवनकालमा वा शेष पछि गुठी भएको रुपमा काम गर्ने उत्तराधिकारी तोक्न सक्ने तर सार्वजनिक गुठीको उत्तराधिकारी तोक्दा प्रदेश कानुनको स्विकृति लिनुपर्नेछ ।

**४९. प्रारम्भिक बालशिक्षा सम्बन्धि व्यवस्था**

**क)** सामुदायिक विद्यालयहरुले प्रारम्भिक वालशिक्षा कक्षा संचालन गर्नसक्नेछ। प्रारम्भिक वालशिक्षा कक्षा संचालन गर्न वडा शिक्षा समिति मार्फत गाउँ शिक्षा समितिले अनुमति दिनुपर्नेछ।

ख) समुदायमा आधारित प्रारम्भिक वालशिक्षा समुदायको मागलाई मध्यनजर गरि वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले अनुमति दिन सक्नेछ । समुदायमा आधारित प्रारम्भिक बालशिक्षा वडा शिक्षा समितिले संचालन तथा व्यवस्थापन गर्नेछ ।

## परिच्छेद १०

## विद्यालय वर्गिकरण सम्बन्धी व्यवस्था :

**५०. विद्यालयको वर्गिकरण देहायबमोजिम हुनेछ ।**

क). भौतिक सुविधा

ख). शिक्षक दक्षता

ग). उत्तरदायित्व र पारदर्शिता

घ). विद्यालय संचालन प्रक्रिया

(ङ). शैक्षिक उपलब्धि

च) अन्य उपलब्धी

**५१. माथि उल्लेखित पूर्वाधारहरुको आधारमा विद्यालयलाई चार श्रेणीमा वर्गीकरण गरिनेछ ।**

'क' श्रेणीको विद्यालय

'ख' श्रेणीको विद्यालय

'ग' श्रेणीको विद्यालय

'घ' श्रेणीको विद्यालय

**५२. विद्यालय वर्गीकरण गर्नका लागि सिफारिस गर्न देहायबमोजिमको एक समिति रहनेछ !**

स्थानिय शिक्षा अधिकारी : -संयोजक

श्रोत व्यक्ति : - सदस्य

शिक्षक महासंघको प्रतिनिधि १ जना : - सदस्य

**५३. विद्यालय वर्गीकरणको आधार नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।**

**५४. शुल्क सम्बन्धि व्यवस्था :**

**विद्यालयले स्थानिय शिक्षा ऐन २०७४ बमोजिमको शिर्षकमा न्युनतम रकम शुल्कको रुपमा लिन सक्नेछन र गरीवको रेखामुनी रहेका दलित, महिला र जनजातीलाई निःशुल्क शिक्षा दिनुपर्नेछ ।**

१). परिक्षा शुल्क

२). कम्प्युटर शुल्क

३). स्थानान्तरण प्रमाणपत्र शुल्क

४). विशेष प्रशिक्षण खेलकुद संगित मार्शल आर्ट पौडी नृत्य शुल्क

५). आवास शुल्कं (छात्रावासको व्यवस्था भएमा मात्र)

६). परिवहन शुल्क (यातायातको व्यवस्था भएमा मात्र)

७). भोजन शुल्क (खाना खुवाउने सुविधा भएमा मात्र)

**उल्लेखित विषयभन्दा बाहेक अन्य शुल्क लिन पाइने छैन।**

**५५. विद्यालय शान्ति क्षेत्रको रुपमा रहने : विद्यालयलाई स्वतन्त्र र भयरहित बनाउन विद्यालय र सम्बन्धित निकायले तोकिएका मापदण्डहरुमा पूरा गर्नुपर्नेछ ।**

क) विद्यालयलाई राजनीतिक मुक्त क्षेत्र बनाइनुपर्ने

ख) विद्यालयमा अवाञ्छित गतिविधि हुन दिइनेछैन

ग) बालमैत्री विद्यालयको व्यवस्था गरिनुपर्ने

घ) बालमैत्री छात्र छात्रा शौचालय निर्माण गर्नुपर्ने

ङ) विद्यार्थीलाई कुट्न पिट्न गाली वेइज्जत गर्न नपाइने

च) कुनै पनि किशिमको हुल हुज्जत र प्रर्दशनी गर्न बन्देज लगाइन ।

छ) कुनै विद्यार्थी शिक्षकले मापदण्ड विपरीत काम गरेमा विद्यार्थी भए अभिभावकलाई जीम्मा लगाउने शिक्षक भए नसिहत दिने ।

ज) भाषा शैलिको प्रयोग गर्दा र व्यवहार गर्दा मानविय भाव र सभ्यता प्रदर्शन गर्नुपर्ने

झ) भेदभावरहित शिक्षा प्रदान गर्नुपर्ने

ञ) विद्यालयको वातावरण हरियाली र सफा राख्नुपर्ने

ञ) ठिक समयमा विद्यालयमा खोल्ने र ठिक समयमा बन्द गर्नुपर्ने

ठ) वाह्य प्रभावबाट विद्यालयलाई मुक्त राख्नुपर्ने र प्रदुषण रहित बनाउनु पर्ने

**५६. स्थानिय शिक्षा ऐन २०७४ बमोजिमको सम्पूर्ण विद्यालयहरुमाशैक्षिक गुठी अन्तर्गत संचालन हुने र उक्त शैक्षिक गुठी, संचालनका पूर्वाधारहरु देहायबमोजिम हुनेछ।**

क) प्रति कक्षा ११जना विद्यार्थी हुनुपर्ने

ख). विद्यार्थीलाई आवश्यक पर्ने कक्षा कोठा, फर्निचर, पिउने पानी, खेलमैदान तथा पुस्तकालयको प्रयाप्त व्यवस्था हुनुपर्ने

ग). आवश्यक शिक्षकको व्यवस्था गर्नुपर्ने

घ). पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेबमोजिम सिकाई उपलन्धि र शिक्षण सिकाई कार्यक्रमको तर्जूमा हुनुपर्ने

ङ). गाँउपालिकाले तोकेका अन्य पूर्वाधार प्राप्त भएको हुनुपर्ने

**५७. शिक्षण सम्पादन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्थाः गाउँपालिका भित्रका सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कनका लागि देहाय बमोजिमको एक समिति रहनेछ ।**

गाउँपालिका भित्रका वि.व्य.स.हरुमध्येबाट गाँउ शिक्षा समितिले तोकेको २ जना अध्यक्ष सदस्य

(क). स्थानिय शिक्षा अधिकारी : संयोजक

ख) गाउँपालिका भित्रका वि.व्य.स.अहरु मध्येबाट गाउँ शिक्षा समितिले तोकेको २ जना अध्यक्ष - सदस्य

ग). शिक्षक महासंघ प्रतिनिधी

घ) गाँउपालिका भित्रका विद्यालय शिक्षक / अविभावक / विद्यार्थी संघहरुमध्यबाट गाउँ शिक्षा समितिले तोकेको २ जना अध्यक्ष - सदस्य

ङ) गाँउपालिकाको सामाजिक समिति (शिक्षा) का संयोजक सदस्य

**५८. शिक्षण सम्पादन तथा मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**

क). प्रत्येक वडाका वडा शिक्षा समिति तथा विद्यालयका वि.व्य.स. संगको सहकार्यमा प्रत्येक वर्ष हरेक सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कन गर्ने

ख). शिक्षण मुल्याकन तथा कार्य सम्पादन मापनका लागि निश्चित कार्यविधी तथा मापदण्ड तयार गरि गाँउपालिका भित्रका विद्यालय शिक्षक तथा कर्मचारीको अंकभार कायम गर्ने।

ग). गाउँपालिका भित्रका विद्यालय, शिक्षक तथा कर्मचारीको अंकभार गाउँशिक्षा समितिमा पेश गर्ने।

घ). गाउँ शिक्षा समितिले तोके वमोजिम अन्य कार्यहरु गर्ने।

**५९. पुरस्कार तथा दण्ड सम्बन्धी व्यवस्था :**

**क).** हरेक वर्ष गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको शिक्षण मुल्याकन तथा कार्य सम्पादनका आधारमा एक जना उत्कृष्ट शिक्षक, एक जना उत्कृष्ट प्रधानाध्यापक तथा एक जना उत्कृष्ट कर्मचारी एवंम

एक उत्कृष्ट सामुदायिक विद्यालय घोषणा गरी पुरस्कारको व्यवस्था गरिने छ।

ख). शिक्षण मुल्याकन तथा कार्य सम्पादनको अंकभार कमजोर रहेका गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई प्रदेश तथा संघबाट एवं गाउँपालिका मार्फत प्राप्त हुने अनुदानमा कटौती हुने।

**ग).** लगातार तिन पटक शिक्षण मुल्याकन तथा कार्य सम्पादनमा औषत अंकभार भन्दा तल अंक आई रहेमा गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत स्थायीको हकमा प्रदेश तथा संघ मार्फत प्राप्त हुने थप सेवा /सुविधा एवं बढुवा प्रकृया रोक्न सिफारिस गर्ने र अस्थायीको हकमा बढुवा स्वत रोकिने।

**घ)** .लगातार चौथो पटक शिक्षण मुल्याङ्कन तथा कार्य सम्पादनमा औषत अंकभार भन्दा तल अंक आई रहेमा सम्बन्धीत सामुदायिक विद्यालयले प्राप्त गर्दै आईरहेको थप अनुदान/छात्रवृति/भौतिक पूर्वाधार सहयोग लगायतका सहयोगमा समग्रमा बढिमा १५ प्रतिशत कटौती गर्न सक्ने ।

ङ). लगातार चौथो पटक शिक्षण मुल्याङ्कन तथा कार्य सम्पादनमा औषत अकभार भन्दा तल अंक आई रहेमा गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत अस्थायी तथा करार शिक्षक एवं कर्मचारीको हकमा नियुक्ति वा करार सम्झौता स्वतः खारेज हुने ।

**६०. गाउँपालिका शिक्षक/कर्मचारी /विद्यालय प्रोत्साहन कोषः**

१. गाउँपालिका भित्रका सामुदायक विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीहरुलाई प्रोत्साहन/थप तालिम एवं थप वृतिविकासका लागि गाउँपालिकाले छुटै प्रोत्साहन कोष खडा गरिने छ । यहि कोष मार्फत शिक्षक कर्मचारीहरुका लागि पुरस्कार एवं अन्य प्रोत्साहनका कार्यक्रहरु सञ्चालन गरिने छ ।

## परिच्छेद ११

## सामुदायीक अध्ययन केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था

**६.१. गाउँ पालिकाले समुदायमा साक्षरता, सिप विकास र निरन्तर सिकाई तथा अनौपचारीक प्रौढ शिक्षा :**

**सञ्चालन गर्न सामुदायीक अध्ययन केन्द्र स्थापना तथा सञ्चालन गर्ने छ ।**

**६२. सामुदायिक अध्ययन केन्द्र सञ्चालक समिति देखाए वमोजिम रहनेछ ।**

क. सम्वन्धीत वडा शिक्षा समिति अध्यक्ष - **अध्यक्ष**

ख. स्थानिय शिक्षाप्रेमी, बुद्धीजिवि लगायतबाट वडा शिक्षा समितिले मनोनित गरेका एक जना महिला सहित ३ जना - सदस्य

ग. सम्बन्धीत वडाका सामुदायीक विद्यालयका वि.व्य.श. अध्यक्षहरुबाट वडा शिक्षा समितिले मनोनीत एक जना **..................................** - सदस्य

घ. सम्वन्धीत वडाका सामुदायीक विद्यालयका अभिभावक / शिक्षक / विद्यार्थी संघबाट वडा शिक्षा समितिले मनोनित अध्यक्ष १ जना : - सदस्य

ङ). सम्वन्धीत वडाका वडा सचिव - सदस्य सचिव

## ६३. सामुदायीक अध्ययन केन्द्र सञ्चालक समितिको काम कर्तव्य र अधिकार

१. समुदायमा साक्षरता अभियान चलाउने

२. समुदायमा साक्षरता सम्बन्धी अभिलेखलाई अधावधिक गराउने

३. समुदायमा अनौपचारिक तथा प्रौढ शिक्षा सञ्चालन गर्ने

४ समुदायलाई पढ्ने वानीको विकाश गराउने :

५. सामुदायीक पुस्तकालय तथा वाचनालय सँग सहकार्य गरी कार्यक्रम चलाउने

६. वडा शिक्षा समितिले तोके बमोजिमका अन्य कार्यहरु गर्ने

## ६४. सामुद्रीक अध्ययन केन्द्र स्थापना सम्बन्धीत वडा शिक्षा समितिको सिफारिसमा आवस्यकता आधारमा गाउँ शिक्षा समिति मार्फत स्वीकृती लिनुपर्नेछ तर यो नियमावली लागु हुनु भन्दा पहिले समुदायमा

सञ्चालित सामुदायीक अध्ययन केन्द्रहरुले थप स्वीकृती लिई रहनु पर्ने छैन तथापी अन्य भने यो नियमावलीले व्यवस्था गरे वमोजिम हुनेछ।

**६५. गाउँ शिक्षा समितिले सामुदायीक अध्ययन केन्द्र सम्बन्धी छुट्टै निर्देशिका जारी गरी लागु गर्नु पर्ने छ ।**

**६६. सामुदायीक अध्ययन केन्द्र कोष**

गाउँ पालिकाले छुट्टै सामुदायीक अध्ययन केन्द्र कोष मार्फत सामुददायीक अध्ययन केन्द्रहरु सञ्चालन तथा व्यवस्थापन लगायतका कामहरु गर्नेछ । सामुदायीक अध्ययन केन्द्र कोषको खाता स्थानिय शिक्षा अधिकारी र गाउँपालिकाको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ ।

६७. गाउँपालीका भित्र सामुदायीक पुस्तकालय तथा वाचनालय सञ्चालन भई रहेको खण्डमा सम्बन्धीत वडामा रहेका सामुदायीक अध्ययन केन्द्रहरु पुस्तकालय तथा वाचनालय अन्तर्गत रहेनेछन् । सामुदायीक पुस्तकालयतथा वाचनालय अन्तर्गत रहने सामुदायीक अध्ययन केन्द्रको हकमा छुट्टै सञ्चालक समिति आवंश्क रहने छैन । सामुदायीक पस्तकालय तथा वाचनालयको सञ्चालक समितिले सामुदायीक अध्ययन केन्द्रको पनि सञ्चालक समितिको रुपमा काम गर्ने छ ।

## परिच्छेद - १२

६८. गाउँपालिका शिक्षा विकास कोष : स्थानिय शिक्षा ऐन २०७४ बमोजिम गाउँपालिका शिक्षा विकास कोष रहनेछ ।

६९. कोष सञ्चालक समिति :

| | | |
|---|---|---|
| क) | स्थानिय शिक्षा अधिकारी | अध्यक्ष |
| ख) | प्रतिनिधि गाउँ परिषद् | सदस्य · |
| ग) | प्रतिनिधि गाउँ शिक्षा समिति | सदस्य |
| घ) | प्रतिनिधि वडा शिक्षा समिति | सदस्य |

ङ) सामुदायिक विधालयका प्र. अध्यक्ष मध्येवाट
गाउँ शिक्षा समितिले छनोट गरेका १ जना प्र.अ. - सदस्य

च) सामुदायिक विद्यालयपत्र वि.व्य.स. अध्यक्षहरु
मध्येवाट गाउँ शिक्षा समितिले छनोट गरेका
१ जना वि.व्य.स. अध्यक्ष - सदस्य

छ) प्रतिनिधि गाउँपालिका - सदस्य

छ) गाउँपालिकाका कार्यकारी अधिकृत - सदस्य सचिव

**७०. सचिव गाउँपालिका शिक्षा विकास कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) स्थानिय स्रोतबाट विद्यालयको भौतिक पूर्वाधार विकास गर्न नसक्ने विद्यालयलाई रकम सहयोग गर्ने

ख) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक काम गर्ने ।

ग) गाउँपालिका शिक्षा विकास कोषवाट उपलब्ध गराईको रकम दुरुपयोग गर्ने विद्यालयलाई कारवाही गर्न आफै शिक्षा समितिमा लेखि पठाउने ।

घ) विद्यालयले गाउँ शिक्षा विकासकोषमा जम्मा गर्नु पर्ने रकम समय समयमा बुझाए नवुझाएको सम्वन्धमा अनुगमन गर्न गराउन र रकम जम्मा नगर्ने विद्यालयलाई कारवाही गर्न गाउँ शिक्षा समितिमा लेख पठाउने ।

ङ) गाउँपालिका शिक्षा विकासका लागि आवश्यक स्रोत जुटाउने ।

**च** प्रत्येक वर्ष आफूले गरेको कामको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्ने ।

७१. **लेखा परिक्षण :** गाउँपालिका शिक्षा विकास कोषको संचालन संचालक समितिले स्थानीय शिक्षा ऐन २०७४ बमोजिम गर्ने छ भने कोषको लेखा परिक्षण गाउँ शिक्षा समितिले तोकेको लेखा परिक्षण नियमांनुसार गर्नेछ ।

७२. **संचालक समितिले बैठक सम्बन्धित कार्यविधि :**

१) संचालक समितिको वैठक वर्षमा कम्तीमा ३ पटक बस्ने छ ।

२) वैठक अध्यक्षको अनुमति लिई सदस्य सचिवले वोलाउने छ ।

३) बैठकमा समितिको ५० प्रतिशत सदस्यहरु उपस्थित रहेमा गणपूरक संख्या पुगेको मानिनेछ ।

४) संचालक समितिको बैठकको अध्यक्ष समितिको अध्यक्षले गर्नेछ निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट आफूले छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

५). बैठकमा बहुमतको राय मान्य हुनेछ मत बराबर भएमा बैठकमा अध्यक्षता गर्नेले निर्णायक मत दिन सक्नेछ ।

६) संचालक समितिको बैठकको निर्णय समितिका सदस्य सचिवले प्रमाणित गरि राख्नु पर्न ।

७) संचालक समितिको बैठकको कार्यविधि समिति आफैले तोकिएबमोजिम हुनेछ ।

८) बैठकमा भाग लिएवापत बैठक भत्ता व्यवस्था गरे अनुरुप प्राप्त हुनेछ ।

७३. विद्यालय कोषको संचालन व्यवस्था भए अनुरुप संचालन हुने र लेखा परिक्षण गाउँ शिक्षा समितिले तोकेको लेखा परिक्षण गराउनु पर्नेछ ।

**७४. विद्यालय कोष** : विद्यालय संचालनको लागि निर्माण गराएको कोष संचालक समिति देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| क).वि.व्य.स. अध्यक्ष | अध्यक्ष |
| ख) वडा शिक्षा समिति, प्रतिनिधि | सदस्य |
| ग) विद्यालयका शिक्षकहरु मध्येवाट प्रतिनिधित्व गर्ने प्रतिनिधि | सदस्य |
| घ) स्थानिय शिक्षा अधिकारीले तोकेको प्रतिनिधि | सदस्य |
| ङ) प्रधानाध्यापक | सदस्य सचिव |

**७५.सामाजिक लेखा परिक्षण** : सामुदायिक विद्यालयको आर्थिक काम कारवाही ऐन नियमावली भए नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्यांकन गर्न एक सामाजिक लेखा परिक्षण समेत रहेनछ ।

| | |
|---|---|
| क) शि.अ. संघको अध्यक्ष | संयोजक |
| ख).विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु, अभिभावकहरु मध्येवाट एक जना महिला सहित शि अ संघ ले तोकेको २ जना | सदस्य |
| ग) सम्बन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| घ) शि.अ. संघको तोकेको बुद्धिजीवी | सदस्य |
| ड) विद्यालयको उच्चतम कक्षामा अध्ययनरत छात्रा वा छात्र १ जना | सदस्य |
| च) प्रधानाध्यापकले तोकेको विद्यालय शिक्षक | सदस्य सचिव |

## परिच्छेद - १३

**७६. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ ।तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए वमोजिमको अनुदान दिन सक्नेछ ।

**७७. लेखा व्यवस्थापन :**

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राखा वेग्लै लेखा शाखा खडा गरी कुनै कर्मचारी वा शिक्षकलाई लेखा व्यवस्थापन गर्ने जिम्मेवारी दिनु पर्नेछ ।

**७८. सामुदायिक विद्यालयको खाता संचालन :**

(१). विद्यालयले आर्थिक कारोवार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२). विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतवाट संचालन गर्नुपर्नेछ ।

**७९. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्ट्राड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

**(२)** लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ।

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ।

४९. छात्रवृतिको व्यवस्था गर्न सक्नेः गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए वमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

**८०. शिक्षक महासंघ :**

१). स्थानीय शिक्षा ऐन २०७४ मा शिक्षक युनियन भनिए तापनि हाल शिक्षक युनियनको सट्टामा शिक्षक महासंघको स्थापना भएकोले शिक्षकहरुको हकहितको लागि शिक्षकहरुको दाता संगठन शिक्षक महासंघ गठन हुनेछ ।

२). शिक्षक महासंघको निर्वाचन सम्वन्धी व्यवस्था शिक्षक महासंघ सम्बन्धी विधानमा उल्लेखित भए बमोजिम हुनेछ ।

## परिच्छेद - १४

**८१. संस्थागत (निजी) विद्यालयको अनुमती सम्बन्धी व्यवस्था संस्थागत विद्यालयको अनुमती, मापदण्ड निर्धारण, अनुगमन, मुल्याइन र नियमन स्थानिय शिक्षा ऐन २०७४ ले तोके वमोजिम हुनेछ ।**

## परिच्छेद - १५

**८२. स्रोतकेन्द्र स्थापना :**

(१). गाउँपालिका क्षेत्रभित्र सामुदायिक र संस्थागत विद्यालयको निरीक्षण, तथा शैक्षिक सहजीकरणका लागि न्युनतम एउटा स्रोतकेन्द्र रहने छ । तर ३० भन्दा बढी विद्यालय भएमा दुई ओटा र ५० भन्दा बढि विद्यालय भएमा वढीमा तीनओटासम्म स्रोतकेन्द्र रहने छ ।

(२) स्रोतकेन्दमा माध्यमिक तहको शिक्षक मध्येवाट तोकिए वमोजिम छनोट गरिएको स्रोतव्यक्ति रहनेछ

(३) स्रोतकेन्द तथा स्रोतव्यक्तिवाट वार्षिक तथा मासिक कार्ययोजना बनाई शिक्षा अधिकृत बाट स्वीकृत भए अनुसार विद्यालयको नियमित अनुगमन, नमुना कक्षा प्रदर्शन, शैक्षणिक सहयोग, नेपाल सरकार तथा गाउँपालिकाको निर्णय, निर्देशन र सूचना प्रवाह तथा कार्यान्वयन गर्नु पर्नेछ ।

८३. **विद्यालयको विधानः** (१) प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन पकृया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरिएको विधान अभिभावक सभावाट पारित गराई लागू गर्नु पर्नेछ ।

(२) अभिभावक सभाले विधान आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिवाट ७ दिन भित्र व्यवस्थापन समितिले गाउँ पालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ ।

८४. **शुल्क सम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले

विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार,.चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सकिनेछ ।

(३) सवै वालवालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा वाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसंग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमकोशुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँगकुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति

दिंदातोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसंग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद - १६

**८५. संक्रमणकालीन व्यवस्था :**

१. स्थानीय शिक्षा ऐन २०७४ ले तोकिए बमोजिम हुने भनि गरेको काम/कार्यवाही स्थानीय शिक्षा नियामावली २०७४ नआउँदासम्म गाउँ कार्यपालिकाले गरेका निर्णय तथा व्यवस्थाहरु सदर भएको मानिनेछ ।

**८६. बाधा अड्काउ फुकाउने अधिकार :**

स्थानीय शिक्षा ऐन २०७४ को उद्देश्य अनुसार स्थानीय शिक्षा नियमावली २०७४ कार्यान्वयन् गर्न कुनै बाधा अड्काउन परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै नियमावली सरह मान्य हुनेछ ।

८७. बमोजिम निर्माण गरिएको छ । यो नियमावली यो नियमावली स्थानिय शिक्षा ऐन २०७४ को दफा ६१ स्थानीय शिक्षा ऐन २०७४ र नेपाल सरकारको प्रचलित कानुन, शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०७४ को

नवौं संशोधन नेपालको संविधान २०७२ सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ । यो नियमावली स्थानिय शिक्षा ऐन २०७४ को प्रारम्भ भएपश्चात कार्यान्वयनमा आउनेछ ।

८८. **(क) अदालतमा जान सक्ने** : यस ऐन नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालय तथा विद्यालयमा कार्यरत शिक्षकहरुको सेवा सुविधा र सर्तहरु खोसिएमा अनाहकमा नसिहत सजाय पाएँमा सफाईका लागि सम्बन्धित शिक्षक अदालत जान सक्नेछ । माथि उल्लेखित कुराहरु नेपाल सरकारको शिक्षा ऐन, २०२८ को आठौं संशोधन २०७३ र शिक्षा नियमावली २०५९ बमोजिम उल्लेखित कुराहरुको सन्दर्भमा ।

८९. यस सुनकोशी गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७४ र यस अन्तरगत बनेको स्थानीय शिक्षा नियमावली २०७५ मा उल्लेख गरिए भन्दा बाहेकका विद्यालय र शिक्षक सम्बन्धी अन्य व्यवस्थाहरु नेपाल सरकारको प्रचलित कानून रुशिक्षा ऐन, २०२८ को आठौं संशोधन २०७३ र शिक्षा नियमावली २०५९ मा उल्लेख गरे बमोजिम हुनेछ ।

**९०. यो नियमावलीमा १६ परिच्छेद, ९० नियम र २ अनुसूचि रहने छन ।**

## अनुसूची -१

श्रीमान् अध्यक्ष ज्यू
सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक, ३ नं.न प्रदेश

विषय : विद्यालय खोल्ने अनुमती सम्बनधमा ।

महेदय,

शिक्षक सत्र ....................देखि............................तहके विद्यालय खोल्न चाहेकोले अनुमतीको लागि देहायको विवरणलाई खुलाई यो निवेदन गरेको छु ।

**क) प्रस्तावित विद्यालयको :**

१. नाम :...................

२. ठेगाना : ................

फोन.......................

गाउँ / टोल ..........................................................

फ्याक्स नं.....................................

३. किसिम :

१) सामुदायिक २) संस्थागत / शैक्षिक गुठी

४. अनुमति लिन चाहिने तह र सञ्चालन गर्ने कक्षा :

५. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षा

**ख). प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधार :**

१) भवनको :

सख्या :

२) कच्ची / पक्की / अर्ध कच्ची

(३) आफ्नै/बहालमा / सार्वजनिक

२) कोठा विवरण :

| कोठाको संख्या | लम्वाइ | चौडाइ | उचाइ | झ्याल ढोकाको अवस्था | प्रकाश संख्या र अवस्था | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३). फर्निचरको संख्या :

१) डेस्क २) वेन्च

३) टेवल ४) दराज

५) मेच ६) अन्य

(४) खेलकूद मैदानको अवस्था र जग्गा र मैदान (रोपनी वा विगाहाम)

# अनुसूची -२

**विद्यालय खोल्नको लागि चाहिने पूर्वाधारहरु :**

क) कक्षा कोठाहरु सामान्यतया नौ फिट उचाईको र घाम तथा पानीवाट बचाउ हुने किसिमको हुनु पर्ने,

ख) कक्षागत क्षेत्रफल पूर्व प्राथमिक विद्यालयको हकमा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर तथा निम्न माध्यमिक र माध्यनिक विद्यालयको हकमा १.०० वर्ग मिटर भन्दा कम हुन नहुने,

ग) अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ हुनु पर्ने,

(घ) कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनु पर्ने,

(ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रबन्ध गर्नुपर्ने,

(च) पूर्व प्राथमिक विद्यालयमा बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनु पर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागि एक कम्पार्टमेन्ट थप हुनु पर्ने ।

छ) पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी वरावर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनु पर्ने,

ज) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामाग्रीहरु जस्तै कालोपाटी, नक्सा, ग्लोव, गणतीय सामाग्री आदि हुनु पर्ने,

झ) सम्पूर्ण विद्यार्थीहरु एकैसाथ उभिन सक्ने कम्पाउण्ड हुनु पर्ने,

ञ) पूर्व प्राथमिक विद्यालयमा घर वाहिरका क्रियाकलापहरु सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिवल खेल्न मिल्नेसम्मको मैदानको व्यवस्था र खेल सामाग्रीको व्यवस्था हुनु पर्ने,

ट) पाठ्यक्रम अनुसारको विज्ञान सामाग्रीको व्यवस्था हुनु पर्ने,

ठ) सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया देहाय वमोजिम र संस्थागत विद्यालयमा सामान्यता

**प्रतिकक्षा औसत ३३ विद्यार्थी हुनु पर्नेछ ।**

| | |
|---|---|
| उपत्यका तराई क्षेत्रमा | - ५० जना |
| पहाडी क्षेत्रमा | - ४५ जना |
| हिमाली क्षेत्रमा | - ४० जना |

**ड). सामुदायिक विद्यालयमा कम्तीमा देहाय वमोजिमको शिक्षकको व्यवस्था हुनु पर्ने :**

| | |
|---|---|
| माध्यमिक तहको लागि | ५ जना |
| निम्नमाध्यमिक तहको लागि | ४ जना |
| प्राथमिक तहको १ - ३ कक्षाको लागि | ३ जना |
| प्राथमिक तहको १-५ कक्षाको लागि | ५ जना |
| पूर्व प्राथमिक विद्यालयको लागि | २ जना |

तर संस्थागत विद्यालयमा कक्षा शिक्षक

अनुपात न्यूनतम १:१:४ हुनु पर्नेछ ।

(ढ) विद्यालयको स्थायी आय स्रोत हुनु पर्ने,

(ण) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने,

५) शौचालयको संख्या :क)छात्रले प्रयोग गर्ने ख)छात्राले प्रयोग गर्ने ।

६) खानेपानीको अवस्था :

७) पुस्तकालयको अवस्था तथा पुस्तकको संख्या :

८) प्रयोगशाला : सामाग्री :

९) सवारी साधनको विवरण :

१०) शैक्षिक सामाग्रीको विवरण

ग) विद्यार्थी संख्या : (प्रस्तावित)

| | | | | |
|---|---|---|---|---|
| कक्षा | | | | |
| संख्या | | | | |

घ) शिक्षक संख्या : (पस्तावित)

ङ) आर्थिक विवरण : (पस्तावित)

१) अचल सम्पत्ति

२) चल सम्पत्ति

३) वार्षिक आम्दानी :

४) आम्दानीको स्रोत :

माथि लेखिएका विवरणहरु ठीक सांचो छ, झुट्टा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

निवेदकको :

सही :

नामः

ठेगाना :

मिति :

**संलग्न गर्नुपर्ने कागजातहरु :**

१) शैक्षिक गुठीको विधान वा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीको बहालमा दिने सम्वन्धमा भएको कबुलियतनामा सम्वन्धी पंत्र,

३). प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा,

४). सम्बन्धित वडा शिक्षा समिति र गाउँ शिक्षा समितिको सिफारिस।

क). आवासीय विद्यालयको लागि आवास भवन हुनु पर्ने,

ख). विद्यालयको हाता कम्पाउण्डले घेरिएको हुनु पर्ने,

ग). भाडाको भवनमा विद्यालय सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्षको घर भाडा सम्बन्धी सम्झौता भएको हुनुपर्ने।

## ४४. विद्यालयलाई दिइने अनुदान तथा अन्य व्यवस्था :

१). सामुदायिक विद्यालयलाई नेपाल सरकारबाट रकम मन्त्रालयले एकमुष्ट गाउंपालिका शिक्षा विकास कोपमा पठाउने छ।

२). उक्त रकम गाउँपालिका शिक्षा विकास कोषको निम्न आधारमा बाँडफाड गर्नेछ ।

क) विद्यालयको विद्यार्थी संख्या

ख) विद्यालयलको शिक्षक संख्या

ग) विद्यालयको परिक्षाको परिणाम

घ) विद्यालयको आर्थिक अवस्था

३) उक्त रकम सम्बन्धित शिर्षकमा खर्च गर्नु पर्नेछ ।

४) गाउँपालिकाले रकमको व्यवस्था गर्नुपर्ने ।

कार्यपालिकाबाट स्वीकृत : २०७५।०१।११
प्रमाणिकरणा मिति : २०७५।०१।१०

**आज्ञाले,**
**पूर्ण प्रसाद दुलाल**
**प्रमुख प्रशासकीय अधिकृत ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५०।-
गो.हु.द.नं. १६।२०६२।६३